# बिर्तामोड नगरपालिका
## कृषि विकास शाखा

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : प्रश्ताव पेश गर्ने बारेको सुचना**

विर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषक समुह/कषि सहकारी/जल उपभोक्तमा संस्था/कृषि कम्पनी र कृषि फर्महरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१३ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसील

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम : ४ वटा
संचालन हुने क्षेत्र : न.पा. भित्रका संभावित क्षेत्रहरु
क्षेत्रफल : स्थानिय संभाव्यताको आधारमा संभाव्य वाली/बस्तुमा प्रति पकेट १० हेक्टर (१५ विधा), मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने, च्याउको हकमा न्यूनतम १००० कि.ग्रा. कन्ये वा गोब्रे च्याउको विउ उपयोग गरि खेति गर्ने , प्लाष्टिक घरको हकमा कम्तिमा १ हेक्टर (१.५ विघा) क्षेत्रफलमा प्लाष्टिक घर निर्माण गरि खेती गर्ने र माछापालनको हकमा न्यूनतम ६ हेक्टर जालशय क्षेत्रफलमा माछापालन गर्ने।
प्रति परियोजना रकम : पूँजीगत रु. ३,००,००० र चालु रु. ५०,०००

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
१. कृषक समुह/कषि सहकारी/जल उपभोक्ता संस्था/कृषि कम्पनी र कृषि फर्महरुले आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र भागलिने जग्गाको क्षेत्रफल खुलेको निवेदन।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि।
३. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि र जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि र लिजमा लिएको भए कम्तिमा १० वर्षको लागि गरिएको संझौता पत्रको प्रतिलिपि।
४. सम्बन्धित वडाको सिफारिस।
५. व्यावसाय संचालन गर्ने जमिनको सम्पत्ति कर/मालपोत तिरेको रसिद।
६. कार्यालयले उपलब्ध गराएको ढाँचा अनुसारको कार्ययोजना।

बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

## कृषिमा यान्त्रिकरण कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : मागपत्र पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को कृषिमा यान्त्रिकरण कार्यक्रम अन्तर्गत स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषक समुह/कषि सहकारी/जल उपभोक्ता संस्थाहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१८ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

कृषिमा यान्त्रिकरण कार्यक्रम
क) पावर टिलर : ८५ प्रतिशत वा (बढीमा रु. १,९०,००० अनुदान) मा ८ वटा ।
ख) मकै छोडाउने मेसिन : ५० प्रतिशत अनुदान वा (बढीमा रु. १५,००० अनुदान) मा २० वटा ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक समुह/कषि सहकारी/जल उपभोक्ता संस्थाहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. र खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि ।
४. उक्त कामको लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अक्तियारी पत्र ।
५. सम्बन्धित वडाको सिफारिस ।

## बिर्तामोड नगरपालिका
## कृषि विकास शाखा

### मत्स्य विकास कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : मागपत्र पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को मत्स्य विकास कार्यक्रम अन्तर्गत पोखरी निर्माण तर्फको स्वीकृत बार्षिक कार्यक्रम तर्फ तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषकहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१८ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

क) १० कठ्ठाभन्दा कम जग्गा भएको कृषक हुनुपर्ने ।
ख) नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनुपर्ने ।
ग) १ जना कृषकले १ देखि ५ कठ्ठा क्षेत्रफल सम्म खन्न सक्ने । (क्षेत्रफल भन्नाले जलाशयको क्षेत्रफललाई बुझाउदछ ।
घ) पानीको स्थायी श्रोत भएको हुनुपर्ने ।
ङ) प्रति कठ्ठा खन्दा लाग्ने रकम अनुदान रु. २०,००० ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. जग्गाको धनीपूर्जाको प्रतिलिपि ।
२. मालपोत तिरेको रसिदको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रतिलिपि ।
४. बैदेशिक रोजगारीबाट फिरेको हकमा पासपोर्टको प्रतिलिपि ।
५. सम्बन्धित वडाको सिफारिस ।

बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

## मत्स्य विकास कार्यक्रम

प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३

### विषय : मागपत्र पेश गर्ने बारेको सुचना

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को मत्स्य विकास कार्यक्रम अन्तर्गत पोखरी माछाका भुरा उत्पादन तर्फको स्वीकृत बार्षिक कार्यक्रम तर्फ तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषकहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१३ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

क) भुरा उत्पादन गर्नका लागि आवश्यक पूर्वाधारहरु भएको वा हुनुपर्ने ।
ख) नगरपालिका भित्र स्थाई बसोबास गरेको हुनुपर्ने ।
ग) व्यावसायिक रुपमा माछा पालन गरि माछाका भुरा उत्पादन, व्यावश्थापन र ढुवानीमा अनुभव प्राप्त भएको हुनु पर्ने ।
घ) पानीको स्थायी श्रोत भएको हुनुपर्ने ।
ङ) माछा प्रजनन् केन्द्र स्थापना गर्दा दिईने अनुदान रकम रु. ६,७२,००० ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. जग्गाको धनीपूर्जा ।
२. मालपोत तिरेको रसिद ।
३. नेपाली नागरिकताको प्रतिलिपि ।
४. बैदेशिक रोजगारीबाट फिरेको हकमा पासपोर्टको प्रतिलिपि ।
५. जग्गा धनीपुर्जाको प्रतिलिपि वा जमिन भाडामा भएको हकमा कम्तिमा १० वर्ष लिजमा लिएको बैधानिक कागजात ।
६. भुरा उत्पादन सम्बन्धि तालिम लिएको भए सो को प्रतिलिपि ।

## बिर्तामोड नगरपालिका
## कृषि विकास शाखा

### प्रशतावनामा आधारित युवा लक्षित कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : प्रशतावना पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को प्रश्तावनामा आधारित युवा लक्षित कार्यक्रमतर्फको स्वीकृत बार्षिक कार्यक्रम तर्फ तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषकहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१८ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. प्रश्तावनामा आधारित युवा लक्षित कार्यक्रमको लागि १० वटा प्रश्तावनाहरुको छनौट गरिने छ ।
२.. प्रश्तावना छनौट गर्दा कृषि उत्पादनका फरक फरक क्षेत्रहरुलाई समेटिने छ ।
३. प्रति कृषक बढीमा रु. ६०,०००।०० (रु. साठी हजार मात्र) अनुदान उपलब्ध गराउने छ ।
४. कम्तिमा १ बिघा जग्गामा वर्षमा २ बाली खेती र तरकारी गर्ने वा कम्तिमा ६ कट्ठा जलाशय क्षेत्रफलमा माछा पालन गर्ने वा ६ वटा टहराहरु बनाई च्याउ खेती गर्ने कृषकहरु मात्र यो कार्यक्रममा सहभागि हुन सक्नेछन् ।
५. ५० वर्षभन्दा मुनीका कृषकहरुलाई मात्र यो कार्यक्रममा सहभागि गराईने छ ।
६. कम्तिमा ५ वर्ष व्यावसाय संचालन गर्नुपर्ने ।
७. तोकिएको सर्तहरु पुरा नगरे उक्त अनुदान रकम फिर्ता गर्नुपर्नेछ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि र लिजमा लिएको भए कम्तिमा ५ वर्षको लागि गरिएको संभौता पत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सम्बन्धित वडाको सिफारिस ।
४. मालपोत तिरेको रसिदको प्रतिलिपि ।
५. फर्म दर्ता गरेको भए सोको प्रतिलिपि ।
६. व्यावसायिक कार्ययोजना ।

## बिर्तामोड नगरपालिका
## कृषि विकास शाखा

### साना सिंचाई कार्यकम

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : मागपत्र पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.व. २०७४/७५ को साना सिंचाई कार्यकम अन्तर्गत स्वीकृत बार्षिक कार्यकम अनुसार तपशिल अनुसारको कार्यकम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यकममा संलग्न हुन इच्छुक कृषक समुह/कषि सहकारी/जल उपभोक्ता संस्थाहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/१८ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रित नपुगि वा म्यादभित्र प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन । प्राप्त भएको मागपत्र एवं आयोजनाहरुको स्थरगत अनुगमन पश्चात छनौट गरिनेछ ।

तपसील

साना सिंचाई कार्यकम
क) साना सिंचाईका लागि ८५ प्रतिशत वा बढीमा रु. ४०,००० अनुदानमा ४२ वटा कार्यकम ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक समुह/कषि सहकारी/जल उपभोक्ता संस्थाहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. र खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. समुह संस्थाहरुले कार्यकममा भाग लिन गरेको निर्णयको प्रतिलिपि साथै सिंचित जग्गामा वर्षमा १ सिजन विषादिरहित तरकारी खेती अनिवार्य गर्ने भन्ने निर्णयको प्रतिलिपि ।
४. उक्त कामको लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अक्तियारी पत्र ।
५. सम्बन्धित वडाको सिफारिस ।
६. आयोजना स्थल मुहानदेखि सिचाई हुने स्थान सम्मको साधारण नक्सा ।
७. राजस्व वापत नगद रु. १०० बुझाएको सक्कल रसिद ।

नोट : निवेदनको ढाँचा नगरपालिकाको कार्यालय, कृषि विकास शाखाबाट लिनुहुन अनुरोध छ ।

बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

## मेयर विषादि मुक्त नगर कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०३**

**विषय : प्रश्तावना पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७४/७५ को मेयर विषादि मुक्त नगर कार्यकमतर्फको स्वीकृत बार्षिक कार्यकम तर्फ तपशिल अनुसारको कार्यकम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यकममा संलग्न हुन इच्छुक कृषकहरुले आवश्यक कागजातहरु सहित यहि मिति २०७४/११/२२ गते कार्यालय समयभित्र नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. मेयर विषादि मुक्त नगर कार्यकमतर्फको लागि ५० जना कृषकहरुको छनौट गरिने छ ।
२.. कृषकहरुको छनौट गर्दा तरकारी उत्पादनमा संलग्न युवा कृषकहरुलाई समेटिने छ ।
३. कार्यकममा संलग्न हुन चाहने कृषकहरुले वर्षभरि नै कम्तिमा १० कठ्ठा क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने छ ।
४.छनौट भएका कृषकहरुलाई प्रांगरिक मल उत्पादन, बानस्पतिक विषादि निर्माण, विषादि रहित तरकारी उत्पादन र तरकारी उत्पादन सम्वन्धि तालिमहरु दिनुका साथै आवश्यक सामाग्रिहरु उपलब्ध गराईने छ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. १० जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि र लिजमा लिएको भए कम्तिमा १० वर्षको लागि गरिएको संझौता पत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सम्वन्धित वडाको सिफारिस ।
४. मालपोत तिरेको रसिदको प्रतिलिपि ।
५. फर्म दर्ता गरेको भए सोको प्रतिलिपि ।